नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# औषधि व्यवस्था विभाग
१४८, मदन भण्डारी पथ-४
बिजुलीबजार, काठमाडौं ।

मितिः- २०७८/१२/१०

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति ।

आर्थिक राष्ट्रिय दैनिक पत्रिकाले हालै विभिन्न मितिमा जिएमपी अडिटका लागि औषधि आयातकर्तासँग मोलमोलाई, औषधि आयातमा भ्रष्टाचार, घोटाला लुकाउन कर्मचारीहरुको सरुवा, गुणस्तरहीन औषधिलाई गुणस्तरीयको प्रमाणपत्र दिन महानिर्देशक भट्टराई र आयातकर्ता खण्डेवालको सेटिङ लगायतका भ्रामक शीर्षकहरु राखी प्रकाशित समाचारहरुलाई लिएर यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । सम्प्रेषित कुनै पनि समाचारको आधिकारिकता सम्बन्धमा यस विभाग तथा विभागका सूचना अधिकारीसँग समेत सत्य तथ्य नबुझी नियतवस प्रकाशित समाचार पूर्ण रुपमा झुठ्ठा, तथ्यहिन र सुनियोजित तबरले भएको यस्तो प्रकाशनको विभाग घोर भर्त्सना गर्दछ । साथै यस विभागसँग सम्बन्धित कुनै पनि समाचार विभागको सूचना अधिकारीसँग त्यसको आधिकारिकता सबुत प्रमाणसहित पुष्ट्याई गरेर मात्र प्रकाशन प्रशारण गर्नु गराउनुहुन सम्पूर्ण सञ्चार माध्यमहरुलाई विभाग अनुरोध गर्दछ ।

पटक-पटक नियोजित तथा प्रायोजित रुपमा विभाग र विभागको वर्तमान नेतृत्वलाई कमजोर र बदनाम बनाउने उद्देश्यले केही स्वार्थी समूह निरन्तर लागि परेको जानकारी विभागलाई प्राप्त भएको छ । साथै प्रेस काउन्सिल ऐन, २०४८ र पत्रकार आचारसंहिता, २०७३ बमोजिम पत्रकारले पालना गर्नुपर्ने आचार संहिताको पालना नगरी समाचार प्रकाशन नगर्नु नगराउनुहुन समेत अनुरोध छ । अन्यथा कानून बमोजिम कारबाहीको प्रक्रिया अघि बढाइने जानकारी गराउँदछौं ।

साथै यस विभागले सदैव प्रचलित ऐन, नियम र कानूनको परिधिभित्र रही आफ्नो कार्यहरु पारदर्शी रुपमा जिम्मेवारीका साथ पुरा गर्दै आएको सम्पूर्णलाई विदितै भएकोले यस्ता प्रकारका सम्प्रेषित भ्रामक समाचार प्रति कुनै पनि भ्रममा नपर्न समेत आम सचेत सर्वसाधारण जनतालाई विभाग अनुरोध गर्दछ ।

सन्तोष केसी
बरिष्ठ औषधि व्यवस्थापक
**बरिष्ठ औषधि व्यवस्थापक**

भरत भट्टराई
महानिर्देशक
**महानिर्देशक**

पो.ब.नं १००३८, फोन : ०१-४७८०४३२, फ्याक्स : ०१-४७८०५७२ इ-मेल : druginfo@dda.gov.np, वेभसाइट : www.dda.gov.np